का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

Attn: News Desk    स्थापित : २०६९, काठमाडौं ।    मिति : २०८१/०७/०९

### Weekly Chart







| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2081/07/04 | Sunday | 1,41,460 | 1,65,000 | 1,779 | 2,075 |
| 2081/07/05 | Monday | 1,41,975 | 1,65,600 | 1,796 | 2,095 |
| 2081/07/06 | Tuesday | 1,42,235 | 1,65,900 | 1,800.50 | 2,100 |
| 2081/07/07 | Wednesday | 1,42,920 | 1,66,700 | 1,830.50 | 2,135 |
| 2081/07/08 | Thursday | 1,42,320 | 1,66,000 | 1,796 | 2,095 |
| 2081/07/09 | Friday | 1,42,320 | 1,66,000 | 1,775 | 2,060 |

### सुन र चाँदीको मुल्यमा यो साता पनि बिश्व रेकर्ड कायम

यो साता पनि सुन र चाँदी दुवैको मुल्यले एक पछि अर्को गर्दै बिश्व ब्यापी रुपमा नयाँ रेकर्ड कायम गरेको छ । अन्तर्राष्ट्रिय बजारमा देखिएको द्वन्दको प्रभावसँगै रसियाले अगाडि सारेको ब्रिक्स मुलुकहरुले छुट्टै मेटल एक्स्चेन्ज स्थापना गर्ने प्रश्तावका कारण सुनचाँदी जस्ता बुहमुल्य वस्तुको मुल्य बृद्धिमा टेवा पुगेको बिश्लेषकहरुको भनाई छ ।

नेपाली बजारमा पनि यो साता सुनको मुल्यले रेकर्ड पछि रेकर्ड कायम गर्यो । साताको पहिलो दिन आइतबार हालसम्मकै उच्च रेकर्ड राख्दै प्रति १० ग्राम १ लाख ४१ हजार ४ सय ६० रुपैयाँ रहेको सुनको मुल्य साताको दोस्रो दिन शोमबार पनि पुन: रेकर्ड राख्दै प्रति १० ग्राम १ लाख ४१ हजार ९ सय ७५ पुग्यो । त्यस्तै तेस्रो दिन मंगलबार पनि रेकर्ड राख्दै १० ग्रामको १ लाख ४२ हजार २ सय ३५ पुग्यो भने बुधबार पुन: उच्च रेकर्ड राख्दै १० ग्रामको १ लाख ४२ हजार ९ सय २० रुपैयाँ पुग्यो । त्यसपछिका दुई दिन भने सामान्य घटेको मुल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ लाख ४२ हजार ३ सय २० रुपैयाँ पुग्यो । यो मुल्य साताको पहिलो दिनको तुलनामा पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम ८ सय ६० रुपैयाँ बढी हो ।

यो साता नेपाली बजारमा चाँदीको मुल्यले पनि रेकर्ड कायम गर्यो । साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ हजार ७ सय ७९ रुपैया पुगेको मुल्यले चौथो दिन सम्म निरन्तर रेकर्ड राख्दै बुधबाकर प्रति १० ग्राम १ हजार ८ सय ३० रुपैयाँ ५० पैसा पुगेर त्यस पछिका दुई दिन भने मुल्इमा सामान्य कमी आई साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ७ सय ७५ रुपैयाँ कायम भयो ।

किरणभाई बज्राचार्य
**महासचिव**